**जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल**
हुलाक मन्जुषा २१२५, न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौं ।
फोन: ४४२९७४१ फ्याक्स: ४४१९६१०
इमेल: wafed@ntc.net.np;
वेवसाइट: www.wafed-nepal.org

२०६४।४।२४ (९ अक्टोवर २००७)

प्रेस विज्ञप्ति

## संसदको दुईतिहाइ बहुमतबाट पारित हुनुपर्ने मागसहित राष्ट्रघाती पश्चिम सेती आयोजनाको गैरकानुनी कार्यान्वयन विरुद्ध रिट दायर

७५० मेगावाट जलविद्युत क्षमताको प्रस्तावित पश्चिम सेती आयोजना अष्ट्रेलियाको स्नोइ माउण्टेन्स इन्जियिरिङ कर्पोरेशन लिमिटेड-स्मेक नामक कम्पनीसँग विगतमा भएका गैरकानुनी, गैरसंवैधानिक सम्झौताका आधारमा राष्ट्रहितविपरीत लागु हुन नहुने मागसहित जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपालको अगुवाइमा आज सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ ।

दर्ता नं. ००५३ रहेको रिट निवेदनमा ७५० मेगावाट जलविद्युत क्षमताको प्रस्तावित पश्चिम सेती आयोजना कार्यान्वयनमा ल्याउन भनी तत्कालीन श्री ५ को सरकारको र अष्ट्रेलियाली बहुराष्ट्रिय कम्पनी "स्नोई माउण्टेन्स इन्जिनियरिङ कर्पोरेशन लिमिटेड-स्मेकबीच सन १९९४ देखि २००६ पुग्दा आठपटकसम्म संसोधित गैरकानुनी एवम् गैरसंवैधानिरुपमा सम्पन्न सम्झौताका आधारमा राष्ट्रहितविपरीत पश्चिम सेती कुनै पनि हालतमा लागु हुनु नहुने र ती सम्झौताहरु तत्काल खारेजीको माग गर्दै प्रक्रिया पुर्‍याएरमात्र आयोजना अघि बढाउन माग गरिएको छ ।

राजनीतिक अस्थिरताको मौका छोप्दै नेपाल सरकारले स्मेकलाई नै पुराना शर्तमा हेरफेर गरी आयोजनाबाट उत्पादित सम्पूर्ण बिजुली भारत निर्यात गरिने, आयोजनाबाट पाउने भनिएको १० प्रतिशत बिजुलीको सट्टा सोही बराबरको रकम भन्दै आयोजना यही २००७ को अन्त्यतिर शुरु गर्ने भनिएको छ । आयोजनाको निर्माणपछि सम्पूर्ण बिजुली तथा जलासयमा जम्मा हुने पानीको तल्लोतटीय लाभ भारतले कर्णाली नदी हुँदै गिरिजापुर बराजमार्फत एकलौटीरुपमा सित्तैमा हात पार्ने भएको छ । यसरी तल्लोतटीय लाभ र नेपालभित्रै आयोजनाको बिजुली उपभोग गर्ने योजना नरहेको, आयोजनामा स्वदेशी लगानीलाई ठाउँ नदिएको, आयोजना घातक शर्तका आधारमा अघि बढाइन लागेको र विद्यमान अवस्थामै आयोजना अघि बढाए सेतीनदीको पानी भोलि नेपाल आफैले उपभोग गर्न परे भारतको अनुमति लिन पर्ने अवस्था सिर्जना हुने हुँदा वर्तमान ढाँचामा आयोजना कुनै पनि हालतमा अघि बढाउन नहुने जिकिर निवेदकहरुको रहेको छ ।

पश्चिम सेतीको जलासय निर्माण दीर्घकालीन प्रकृतिको भएको र त्यसबाट उत्पादित सम्पूर्ण विद्युत भारतमा निर्यात गरी नेपाललाई आएको मुनाफाको १० प्रतिशत रकम (नाफा भएमात्रै) दिने भन्ने कुरा आफैँमा पानीको वा प्राकृतिक स्रोतको दुई देशबीच दीर्घकालीन बाँडफाँड भएकोले संविधानको धारा १५६ को उपधारा २ को विपरीतको कार्य भएको, स्थानीय स्रोतसाधनका मालिक सुदूरपश्चिमवासीलाई आयोजना तथा नेपाल सरकारबाट बेवास्ता गर्ने काम भएको, आयोजना निर्माणसम्बन्धी स्थानीय जनताको सहमति कायम नगरिएको, आयोजना सुदूरपश्चिमेली तथा आमनेपाली जनताको विद्युत आपूर्ति पूरा गर्न तथा देशभित्रै विद्यमान लोडसेडिङ कटौती गर्न नभइ एडीबीको ऋण नेपाली जनताको टाउकोमा बोकाएर भारतको लोडसेडिङ घटाउन निर्माण गरिन लागेकोले आयोजनामा राष्ट्रहितविपरीत भएको दाबी निवेदकहरुको रहेको छ । समयमै पश्चिम सेतीको पानीको मूल्य नखोजिए भोलि आयोजनाको पानी उपभोग गर्नुपरे भारतसँग सोध्नुपर्ने स्थिति सिर्जना हुन गइ सो कुरा राष्ट्रकै लागि दुर्भाग्य साबित हुने कुरा निवेदनमा उल्लेख छ ।

आमनेपाली नागरिकले संविधानको धारा २७ मा भएको सूचनाको हकअनुसार कुनै पनि सार्वजनिक सरोकारका सवालमा सूचना माग गर्न पाउने र सम्बन्धित पक्षले उपलब्ध गराइनुपर्नेमा पश्चिम सेतीका सवालमा सो नभएको र उल्टो सूचना माग गर्दा रु.५० हजार शुल्क लाग्ने भनेर स्मेकले लिखित जवाफ पठाएबाट समेत स्थानीय जनता एवम सरोकारवाला आमनेपाली नागरिकको आयोजनापक्षबाट मौलिकहकको घोर उल्लघंन भएको र आयोजनासम्बन्धी अपारदर्शी निर्णय लुकाउन कानुनले दिन नमिल्ने भन्ने बाध्यात्मक अवस्था सम्झौता सिर्जना गरेको कुरा समेत रिट निवेदनमा उठाइएको छ ।

अन्तरिम आदेशसमेतको माग गर्दै दर्ता गरिएको सो मुद्दामा नेपाल सरकार प्रधानमन्त्रीको कार्यालय, जलस्रोत मन्त्रालय, अर्थमन्त्रालय, स्नोइ माउण्टेन्स इन्जिनियरिङ कर्पोरेसन, पश्चिम सेती जलविद्युत आयोजना आदिलाई लाई विपक्षी बनाइएको छ भने निवेदकहरुमा जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपाल (वाफेड) का अध्यक्ष रामचन्द्र चटौत, ऐ.ऐ. का अभियान संयोजक रतन भण्डारी, पब्लिक इन्ट्रेष्ट ल फर्मका अधिवक्ताद्वय रविन सुवेदी एवं निर्मला सुवेदी, मानवअधिकार संरक्षण मंचका लक्ष्मीप्रसाद मैनाली, वाफेडकै खिमाराम लम्साल तथा अनुज सिटौला रहनु भएको छ । मुद्दामाथिको प्रारम्भिक सुनुवाइ यही साउन २७ गते हुनेछ ।

**रतन भण्डारी**
अभियान संयोजक ।